अनुसूची – २

# मदिरा तथा वियर उद्योग स्थापनार्थ एवं उद्देश्य थप र क्षमता वृद्धि समेतका लागि अनुमति प्रदान गर्ने सम्बन्धको संशोधित मापदण्ड (२०७९)

## १. मदिरा / वियर उद्योग स्थापना गर्न पाइने क्षेत्र सम्बन्धमा

(क) औद्योगिक प्रवर्द्धन बोर्डको १३२ औं बैठकको निर्णयानुसार काठमाडौं उपत्यका एवं अन्य उपमहानगरपालिका एवं नगरपालिकाहरुमा नयाँ मदिरा एवं वियर उद्योग स्थापना गर्न पाइने छैन भनिएकोमा काठमाडौं उपत्यका, अन्य महानगरपालिका र उपमहानगरपालिका एवं जिल्ला सदरमुकाम रहेका पालिकाहरुमा नयाँ मदिरा एवं वियर उद्योग स्थापना गर्न अनुमति दिइने छैन।

तर यसअघि नै संचालनमा रहेका उद्योगको पूँजी तथा क्षमता वृद्धि वा उद्देश्य थप गर्न वाधा पर्ने छैन।

(ख) औद्योगिक प्रवर्द्धन बोर्डको १७६ औं बैठकले "मझौला तथा ठुला स्तरका उत्पादनमूलक उद्योग" अन्तर्राष्ट्रिय सिमानाको ५ कि.मि. बाहिर मात्र स्थापना गर्न पाइने निर्णय गरेको सन्दर्भमा सबै स्तरका मदिरा एवं वियर उद्योगको स्थापना अन्तर्राष्ट्रिय सिमानाको ५ कि.मि. भित्र स्थापना गर्न नपाइने व्यवस्था कायम रहने।

(ग) औद्योगिक प्रवर्द्धन बोर्डको १९० औं बैठकबाट "लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित वाउण्ड्रीको दक्षिण तर्फ भारतीय सिमासम्म र पूर्व पश्चिम उत्तर तर्फ बाउण्ड्री देखि १५ कि.मि. दुरी भित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँ बायाँ ८०० मिटर भित्र कार्बन उत्सर्जन नगर्ने उद्योग बाहेक अन्य नयाँ उद्योग स्थापना गर्न नदिने" भन्ने निर्णय भए अनुसार सो क्षेत्रमा बियर तथा मदिरा उद्योग स्थापना गर्न पाइने छैन।

(घ) मदिरा तथा वियर उद्योग ऐतिहासिक महत्वका मठ मन्दिर, अस्पताल, विद्यालय क्षेत्र, राष्ट्रिय निकुञ्ज तथा नेपाल सरकारले मदिरा वा वियर उद्योग स्थापना गर्न नपाइने भनी तोकेको क्षेत्रभन्दा न्यूनतम ५०० मिटर टाढा हुनु पर्नेछ। मदिरा तथा वियर उद्योग भएको स्थानबाट ५०० मिटर भित्र नयाँ अस्पताल र विद्यालय स्थापना गर्न नदिने व्यवस्थाका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने।

(ङ) काठमाडौ उपत्यका बाहेकको औद्योगिक क्षेत्रको हकमा औद्योगिक प्रवर्द्धन बोर्डको १३२ औं बैठकको निर्णयानुसारनै मदिरा तथा वियर उद्योग स्थापना गर्न पाउने व्यवस्था कायम राख्ने।

## २. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, उद्योग दर्ता सम्बन्धमा

(क) मदिरा तथा वियर उद्योग स्थापना गर्न अनुमति प्राप्त व्यक्ति/संस्थाले अनुमति प्राप्त गरेको मितिले ३ (तिन) महिना भित्र कम्पनी, संचालक वा लगानीकर्ताको नाममा उद्योगको लागि आवश्यक जगाको स्वामित्व कायम गरिसक्नु पर्नेछ।

(ख) उक्त जग्गालाई आधार मानेर उद्योगीले उद्योग दर्ता प्रयोजनको लागि प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावली ले निर्दिष्ट गरे बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ।

CamScanner

(ग) उद्योगबाट वातावरण तथा जनस्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्न ब्रुअरी र डिष्टिलरीको (वोटलिङ सहित) हकमा एकै चाक्लाका न्यूनतम ३ (तीन) हेक्टर र ब्लेण्डिङ/बोटलिङ मात्र गर्ने उद्योगको हकमा एकै चाक्लाका न्यूनतम १ हेक्टर जमिन हुनुपर्नेछ । डिष्टिलरी/ब्लेण्डिङ/बोटलिङ, ब्रुअरी, वाइन, साइडर लगायतका मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग एकै परिसरमा संचालन गर्ने हकमा एकै चक्लाको न्यूनतम ४ (चार) हेक्टर जमिन हुनुपर्नेछ । तर डिष्टिलरी/ब्लेण्डिङ/बोटलिङ, ब्रुअरी, वाइन, साइडर लगायतका मदिराजन्य पदार्थ उत्पादन गर्ने कारखाना भवनहरु छुट्टा छुट्टै हुनु पर्नेछ र तिनिहरुलाई इकाई उद्योगको रुपमा अनुमति लिई दर्ता गर्नुपर्नेछ ।

(घ) औद्योगिक क्षेत्रमा मदिरा तथा वियर उत्पादन गर्ने हकमा मदिरा तथा वियर उद्योग स्थापना गर्न ईजाजत प्राप्त ब्यक्ति/संस्थाले ईजाजत प्राप्त गरेको मितिले ३ (तिन) महिना भित्र उद्योगको लागि आवश्यक जग्गा भाडामा लिने सम्बन्धमा औद्योगिक क्षेत्रसँग जग्गा भाडा सम्झौता गरी सक्नुपर्नेछ ।

अ) **Common Effluent Treatment Plant** भएको औद्योगिक क्षेत्रको हकमा नयाँ मदिरा एवं वियर उद्योग स्थापना गर्न आवश्यक जमिनको क्षेत्रफल सम्बन्धमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको कार्यालयले सिफारीस गरे बमोजिम हुनेछ ।

आ) उद्योग सञ्चालन पूर्व **IEE/EIA** प्रतिवेदनमा उल्लेखित **Mitigation Measures** हरु जडान गरे/नगरेको सम्बन्धमा सम्बन्धित विभागबाट स्थलगत निरीक्षण गर्नु/गराउनु पर्नेछ ।

इ) उद्योग परिसरमा **Greenbelt** निर्माण गर्नु पर्नेछ ।

## ३. मदिरा /वियर उद्योगको अनुमति प्रदान गर्ने सम्बन्धमा विशेष व्यवस्था

क) निवेदकले अनुसूचीमा उल्लेखित विवरण सहितको व्यंवसायिक योजना पेश गर्न लगाई अनुमतिको लागि औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको सचिवालयमा पेश गर्नुपर्नेछ ।

ख) मदिरा एवं वियर उद्योग स्थापनाको अनुमति प्राप्त गर्न विभागमा आवेदन साथ रु. ५० लाख धरौटी बापत जम्मा गर्नु पर्नेछ । उक्त धरौटी अनुमति प्राप्त नभएमा वा उद्योगको व्यवसायिक उत्पादन शुरु भएको प्रमाण पेश गरे पश्चात मात्र फिर्ता गरिनेछ । अनुमति प्रदान गर्दा तथा उद्योग दर्ता गर्दा तोकिएका शर्तहरु तथा स्वीकृत मापदण्ड अनुरुप कार्य नगर्ने उद्योगले राखेको धरौटी जफत गर्न सकिनेछ ।

ग) मदिरा वा वियर उत्पादन गर्न स्थापना भै सकेको उद्योगको उद्देश्य थप/ क्षमता वृद्धि अनुमति माग गर्दा आवेदन साथ रु. ३० लाख धरौटी वापत जम्मा गर्नुपर्नेछ । उक्त धरौटी उद्देश्य थप/क्षमता वृद्धिको अनुमति प्राप्त नभएमा वा अनुमति प्रदान गरिएकोमा व्यवसायिक उत्पादन शुरु भएको प्रमाण पेश गरे पश्चात मात्र फिर्ता गरिनेछ ।

घ) अनुमति प्रदान गर्दा तथा उद्योग दर्ता, उद्देश्य थप/क्षमता वृद्धि गर्दा तोकिएका शर्तहरु तथा स्वीकृत मापदण्ड अनुरुप कार्य नगर्ने उद्योगले राखेको धरौटी जफत गर्न सकिनेछ ।

CamScanner

ङ) व्यक्तिको नाममा अनुमतिपत्र प्राप्त गरेको अवस्थामा अनुमति प्राप्त गरेको मितिले ३० दिन भित्र कम्पनी दर्ता गरी सक्नु पर्नेछ। सो कम्पनीमा अनुमति प्राप्त व्यक्तिको न्यूनतम २०% (वीस प्रतिशत) शेयर लगानी हुनु पर्नेछ। निजले सो शेयर उद्योगले उत्पादन वा व्यवसायिक कारोवार गरेको ३ वर्षसम्म विक्री, नामसारी वा हस्तान्तरण गर्न पाउने छैन। उक्त अवधिभित्र निजले कम्पनीको शेयर विक्री गरेको पाइएमा सो कार्य अनुमतिको शर्तको प्रतिकूल कार्य गरेको ठहऱ्याई प्रचलित औद्योगिक व्यवसाय ऐन अनुसार थप कारवाही गर्न सकिनेछ।

च) उद्योगले अनुमति प्राप्त भएको मितिले १ (एक) वर्ष भित्र वर्ष भित्र वातावरणीय अध्ययन सम्पन्न गरी उद्योग दर्ता गरि सक्नु पर्नेछ।

तर मनासिव माफिकको कारण दर्शाइ अनुमति प्राप्त व्यक्ति, संस्थाबाट निवेदन प्राप्त भएमा विभागले कार्य प्रगतिको मुल्यांकन गरेर अनुमतिको म्याद समाप्त भएको मितिले ६/६ महिना गरी थप दुई पटक सम्म म्याद थप गरी दिन सक्नेछ।

उक्त अवधि भित्र पनि उद्योग दर्ता हुन नसकेमा अनुमतिपत्र खारेजी गर्न सकिने छ।

छ) डिष्टिलरी (वोटलिङ समेत गर्ने उद्योग) को हकमा उद्योगले अनिवार्य रुपमा निम्नानुसार भौतिक संरचनाको व्यवस्था गर्नु पर्नेछ।

(१) मोलासेस (**Molasses**) प्रयोग गर्ने डिष्टिलरीको हकमा मोलासेस टयांक र **Rectified Spirit Tank** जमिनको सतह भन्दा माथि राख्नु पर्नेछ। ती ट्यांकहरु **Mild Steel** वा सो भन्दा उच्च गुणस्तरको वस्तुबाट निर्माण गर्नु पर्नेछ।

(२) **Molasses Tank** लगायत **RS/ENA** प्रत्येकको भण्डारण गर्ने क्षमता वार्षिक स्वीकृत क्षमताको आधारमा गणना गर्दा न्यूनतम १ महिनालाई पुग्ने हुनुपर्छ।

(३) उद्योगमा जडान हुने **Holding Tank/ Blending Tank/ DM Water Storage Tank** लगायत अन्य पाइप लाइनहरु स्टेनलेस स्टिल (**Stainless Steel**) को हुनु पर्नेछ।

(४) उद्योगको उत्पादनमा प्रयोग हुने पानी **Demineralized** हुनु पर्नेछ र सो को लागि तद्अनुरुपको यन्त्र उपकरण जडान भएको हुनु पर्नेछ।

(५) उद्योगमा अनिवार्य रुपमा **Washing, Filling, Sealing, Labeling Machine** तथा **Inspection Table** जडान गरेको हुनुपर्नेछ।

(६) वोटलिङ प्लाण्ट जडान गरिएको भवनको **Side Wall** को उचाई न्यूनतम १८ फिट हुनु पर्नेछ।

(७) गुण नियन्त्रण गर्ने प्रयोजनको लागि उपयुक्त प्रयोगशालाको व्यवस्था गर्नु पर्नेछ। उक्त प्रयोगशालामा न्यूनतम **pH Meter, Conductivity Meter, Hydrometer, Turbidity Meter, Color**

CamScanner

Meter, Alcohol Distillation Equipment तथा Necessary Glasswares लगायतका उपकरण हुनु पर्नेछ।

सो प्रयोगशालामा उत्पादन हुने वस्तुको अनुगमन कार्यको लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल गुणस्तर तथा नापतौल विभाग तथा सम्बन्धित गुण नियन्त्रण निकायबाट निरीक्षण गराई सो को प्रतिवेदन नियमित रुपमा उद्योग विभागमा पेश गर्नुपर्नेछ।

(८) मोलासिस बाहेक अन्न तथा विभिन्न प्रकारका **Search Material** प्रयोग गर्न इच्छुक डिष्टिलरीको हकमा निम्नानुसार हुनु पर्नेछ।

- स्वदेशी अन्न प्रयोग गर्ने उद्योगले स्वीकृत क्षमताको अधिकतम १०% मात्र स्वदेशी अन्न प्रयोग गर्न पाउने छन्। थप परिमाण आवश्यक परेमा आयातित अन्न मात्र प्रयोग गर्नुपर्नेछ। तर कनिका वा **Broken Grain** प्रयोग गर्न भने कुनै नियन्त्रण गरिने छैन।
- **Malt** लगायत **Fruits** इत्यादिबाट **Rectified Spirit (RS)** उत्पादन गर्ने प्रयोजनको लागि आन्तरिक राजश्व कार्यालयको पूर्व स्वीकृति लिएर मात्र **Pot Still Plant** जडान गरी **RS** उत्पादन गर्नु पर्नेछ।

(९) उत्पादन प्रविधिको हकमा देहाय बमोजिम हुनुपर्नेछः-

- कच्चा पदार्थको रुपमा **Molasses** प्रयोग गर्ने उद्योगले अनिवार्य रुपमा **Patent Still Plant** जडान गर्नुपर्नेछ।
- **Malt** लगायत **Fruits** इत्यादिबाट **Rectified Spirit (RS)** उत्पादन गर्ने प्रयोजनको लागि आन्तरिक राजस्व कार्यालयको पूर्व स्वीकृति लिएर मात्र **Pot Still Plant** जडान गरी **RS** उत्पादन गर्नुपर्नेछ।
- **Extra Neutral Alcohol (ENA)** उत्पादन गर्न उद्योगले अनिवार्य रुपमा **Patent Still Plant** जडान गर्नुपर्नेछ।

(१०) औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योग तथा प्रस्तुत मापदण्ड लागू हुनु भन्दा पहिले नै संचालनमा रहेका उद्योगहरु बाहेकका उद्योगले आफ्नो (कम्पाउण्ड वाल) पर्खालबाट न्यूनतम १५ फिट जमिन छाडीमात्र फ्याक्ट्री भवन, गोदाम **Utility Shed** जस्ता भौतिक संरचना निमार्ण गर्नु पर्नेछ। उद्योग परिषरमा **Greenbelt** समेत निर्माण गर्नु पर्नेछ।

(११) उद्योगले कम्तीमा एक जना अल्कोहल टेक्नोलोजिष्ट वा फूड टेक्नोलोजिष्ट वा माईक्रो वायोलोजिष्ट वा केमिष्टको प्रत्यक्ष निगरानीमा उत्पादन गर्नु पर्नेछ।

ज) वियर उत्पादन गर्ने उद्योगको हकमा निम्नानुसारको व्यवस्था हुनु पर्नेछः

(१) उत्पादनमा प्रयोग हुने **Pipeline** हरु अनिवार्य रुपमा **Stainless Steel** को हुनुपर्नेछ।

(२) गुण नियन्त्रण गर्ने प्रयोजनको लागि उपयुक्त प्रयोगशालाको व्यवस्था गर्नुपर्नेछ । उक्त प्रयोगशालामा न्यूनतम **pH Meter, Conductivity Meter, Hydrometer, Turbidity Meter, Color Meter, Alcohol Distillation Equipment, $CO_2$ Pressure Measurement Equipment** तथा **Necessary Glasswares** लगायतका उपकरण हुनु पर्नेछ ।

सो प्रयोगशालाको व्यवस्थापन एवं उत्पादन हुने वस्तुको अनुगमन कार्यको लागि उद्योग मन्त्रालय, नेपाल गुणस्तर तथा नापतौल विभाग तथा सम्बन्धित गुण नियन्त्रण निकायबाट निरीक्षण गराई सो को प्रतिवेदन नियमित रुपमा सम्बन्धित विभागमा पेश गर्नुपर्नेछ ।

(३) औद्योगिक क्षेत्रमा स्थापना हुने उद्योगहरु बाहेकका उद्योगले आफ्नो कम्पाउण्ड वालबाट न्यूनतम १५ फिट जमिन छाडीमात्र फ्याक्ट्री भवन, गोदाम **Utility** जस्ता भौतिक संरचना निमार्ण गर्नु पर्नेछ ।

(४) उद्योगले कम्तीमा एक जना अल्कोहल टेक्नोलोजिष्ट वा फूड टेक्नोलोजिष्ट वा माईक्रो वायोलोजिष्ट वा केमिष्टको प्रत्यक्ष निगरानीमा उत्पादन गर्नु पर्नेछ ।

## ४. अनुमति पत्र एवं उद्योग दर्ता प्रमाणपत्रमा खुलाउनु पर्ने व्यहोरा

(अ) अनुमति प्रदान गरिने पत्रमा शर्तको रुपमा स्पष्ट उल्लेख गरी जारी गर्नु पर्नेछ ।

- प्रकरण ३ मा उल्लेखित विशेष व्यवस्था/शर्त (उद्योगको प्रकृति अनुसार) खुलाउनु पर्नेछ ।
- उक्त शर्त/व्यवस्था पालना नभएको अवस्थामा हुन सक्ने सम्भावित कारवाही खुलाउनु पर्नेछ ।
- अनुमति पत्रको अवधि सम्बन्धी व्यवस्था र उद्योग दर्ता म्याद सम्बन्धमा आवश्यक सूचना उल्लेख गर्नुपर्नेछ ।

(आ) उद्योग दर्ता प्रमाणपत्रमा निम्न व्यहोरा खुलाउनु पर्नेछ ।

- अनुमति दर्ता प्रमाणपत्रमा निम्न व्यहोरा खुलाउनु पर्नेछ ।
- प्रकरण २ अनुसारका वातावरणीय शर्तहरु ।
- धरौटी फिर्ता सम्बन्धी व्यवस्था ।

## ५. अनुमति पत्र खारेज हुने अवस्था

(१) अनुमति पत्र जारी भएको ३० (तीस) दिन सम्म अनुमतिपत्र नबुझेमा । सो म्याद गुज्रिएको ७ (सात) दिन भित्र मनासिव माफिकको कारण दर्शाई आवेदन दिएमा सम्बन्धित विभागले थप १ (एक) महिना अनुमतिको म्याद थप्न सक्नेछ ।

(२) कम्पनी दर्ता गरी उद्योग दर्ताको लागि आवश्यक जग्गाको व्यवस्था गरेर एवं प्रकरण ३ मा उल्लेखित विशेष व्यवस्था समेतलाई मध्यनजर राख्दै प्रकरण २ मा उल्लेखित प्रक्रिया पूरा गरी ईजाजत प्राप्त भएको १ (एक) वर्ष भित्र सम्बन्धित निकायमा उद्योग दर्ताका लागि रित पूर्वक आवेदन नगरेमा ।

(३) उद्योग स्थापनाको लागि दर्ता गरिएको कम्पनीमा अनुमति प्राप्त व्यक्तिको शेयर अनुपात २०% (वीस प्रतिशत) भन्दा कम भएमा वा उद्योग संचालनमा आएको ३ वर्ष नपुगी शेयर हस्तान्तरण गरेमा ।

CS CamScanner

साथै उद्योगले व्यवसायिक उत्पादन शुरु गरेपछि धरौटी फिर्ताको लागि आवेदन गर्नुपर्नेछ। त्यसरी आवेदन नगर्ने शुरु अनुमति प्राप्त व्यक्तिले आफ्नो शेयरको स्वामित्व विक्री गरेको अवस्थामा अनुमति खारेज हुनेछ।

(४) प्रकरण २ (ग) वा प्रकरण ३ (ङ) वा ३ (च) मा उल्लेखित शर्त अनुरुपको आवश्यक जगाको व्यवस्था एवं भौतिक संरचना जडान/स्थापना गरेको नपाइएमा।

(५) अनुमतिपत्र प्रदान गर्दा तथा उद्योग दर्ताको बखत तोकिएका अन्य शर्तहरुको पालना गरेको नपाइएमा।

## ६. मदिरा उद्योगमा विदेशी लगानी सम्बन्धमा

(१) ४० प्रतिशत **V/V** मदिरा तथा सो भन्दा कम प्रतिशतको उत्पादन गर्ने उद्योगमा सामान्यतया विदेशी लगानी गर्न नपाइने नीति कायम गर्ने।

(२) विदेशी ट्रेडमार्क प्रयोग गरी नेपालमा विदेशी ब्राण्डको वा स्वदेशी ट्रेडमार्क प्रयोग गरी मदिरा एवं वियर उत्पादन गर्न चाहेमा प्रचलित विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन तथा नियममानुसार गर्नुपर्नेछ।

## ७. मदिरा एवं वियर उद्योगको उद्देश्य थप, क्षमता वृद्धि एवं स्थानान्तरण सम्बन्धमा

(१) मदिरा एवं वियर उद्योगले उद्देश्य थप एवं क्षमता वृद्धि गर्ने प्रयोजनको लागि समेत प्रकरण १, २, ३, ४, ५ र ६ मा उल्लेखित नयाँ उद्योग सरहका प्रावधान लागु हुनेछ

तर विभागीय प्रचलन अनुरुप विगतमा उद्योग स्थापनार्थ **IEE/EIA** गरिसकेका हकमा उद्देश्य थप एवं क्षमता वृद्धि गर्नु परेमा परिमार्जित **IEE/EIA** प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) विभागले उद्योगको स्थलगत निरिक्षण गरी प्रस्तावित मापदण्ड भन्दा फरक स्थिति विद्यमान भए/नभएको समेत अध्ययन गरी अनुमति प्रदान गर्ने सम्बन्धमा सिफारिश गर्नेछ।

(३) विद्यमान मदिरा एवं वियर उद्योगले स्थानान्तरण गर्न चाहेमा यस मापदण्ड अनुरुपको भौतिक संरचना तथा जमिन हुनुपर्नेछ।

## ८. विद्यमान संचालनमा रहेका मदिरा एवं वियर उद्योग सम्बन्धमा

- विद्यमानमा सञ्चालनमा रहेका मदिरा एवं वियर उद्योगहरुले समेत न्युनतम रुपमा दफा २ को ग, घ मा उल्लेखित भौतिक संरचनाको निर्माण अनुमति प्राप्त भएको मितिले दुई वर्ष भित्रमा सम्पन्न गर्नुपर्ने प्रावधान बमोजिम भए नभएको सम्बन्धमा प्रकरण ९ अनुसारको अनुगमन संयन्त्रले अनुगमन गरी सोको प्रतिवेदन उद्योग विभागमा पेश गर्नुपर्नेछ। उक्त प्रतिवेदनमा न्युनतम रुपमा दफा २ ग, घ मा उल्लेखित भौतिक संरचनाको निर्माण नभएको उल्लेख गरिएको उद्योगको हकमा आवश्यक कारवाहीका लागि औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डमा प्रस्ताव पेश गर्ने।

CamScanner

९. अनुगमन संयन्त्र

(१) मिति २०६९।०३।०३ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको निर्णय एवं यस मापदण्डमा उल्लेखित विषयका सम्बन्धमा नियमित अनुगमन गर्न निम्नानुसारको संयुक्त अनुगमन टोलीको गठन उद्योग विभागले गर्नेछ।

- अनुगमन शाखाको निर्देशक, उद्योग विभाग – संयोजक
- प्रतिनिधि, आन्तरिक राजस्व विभाग – सदस्य
- प्रतिनिधि, स्थानीय आन्तरिक राजस्व कार्यालय वा कोष तथा लेखा नियन्त्रण कार्यालय वा करदाता सेवा कार्यालय – सदस्य
- महानिर्देशकले तोकेको अधिकृत, उद्योग विभाय – सदस्य सचिव

(२) माथि (१) मा उल्लेखित अनुगमन टोलीले निम्न थप विषयमा समेत अनुगमन गर्नेछः–

(क) प्रस्तावित मापदण्ड, अनुमति पत्र तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित शर्त पालना गरे/नगरेको,

(ख) स्वीकृत भन्दा बढी उत्पादन गरे/नगरेको

(ग) राजश्व आम्दानी, कच्चा पदार्थ खपत, प्रतिफल इत्यादि

(घ) सम्बन्धित विभागले तोके बमोजिमका अन्य विषयहरु

(३) अनुगमन टोलीले अनुगमन पश्चात आफ्नो प्रतिवेदन सम्बन्धित विभाग, अर्थ मन्त्रालय तथा उद्योग मन्त्रालयमा प्रस्तुत गर्नेछ।

१०. विविधः

(१) बाधा अड्काउ फुकाउने सम्बन्धमाः

उल्लिखित मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा, अड्काउ पर्न आएमा सो बाधा अड्काउ प्रचलित कानून बमोजिम औद्योगिक प्रवद्र्धन बोर्डले आवश्यक निर्णय गरी फुकाउन सक्नेछ।

(२) चिनी मिलले मदिरा उत्पादन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने:

- चिनी मिलले उद्योगको अभिन्न अंगको रुपमा **RS/ENA Plant** जडान गर्न चाहेमा स्वीकृति प्रदान गर्ने व्यवस्था कायम राख्ने।
- यस प्रयोजनको लागि समेत अन्य नयाँ उद्योग वा क्षमता वृद्धि/उद्देश्य थप प्रयोजनका लागि तोकिने गरेको व्यवस्था (धरौटी, क्षेत्रफल लगायत अन्य प्राविधिक मापदण्ड) गर्न उपयुक्त हुने।
- चिनी मिल सञ्चालनमा नआइकन **RS/ENA Plant** संचालन गर्न स्वीकृति प्रदान नगर्ने।
- डिष्टिलरी युनिटलाई आवश्यक पर्ने **Molasses** मध्ये कम्तीमा ५०% आफ्नै चिनी मिलबाट आपूर्ति हुनुपर्ने।

CamScanner

(३) नयाँ मदिरा एवं वियर उद्योगको दर्ता वा क्षमता वृद्धि गर्न स्वीकृति प्रदान गरेपछि सो को जानकारी अनिवार्य रुपमा अन्तरिक राजश्व विभागलाई दिनुपर्नेछ।

(४) डिष्टिलरी (बोटलिङ समेत गर्ने उद्योग) को ईजाजत प्राप्त उद्योगले ब्लेण्डिङ/बोटलिङ मात्र गर्ने गरी उद्देश्य संशोधन गर्न माग गरेमा विभागले उद्देश्य संशोधन गर्न सकिनेछ।

(५) यो मापदण्ड स्वीकृत हुनु भन्दा पहिले डिष्टिलरी (बोटलिङ समेत गर्ने उद्योग) को ईजाजत प्राप्त उद्योगले ब्लेण्डिङ/बोटलिङ मात्र गरी मदिरा उत्पादन गरी रहेको हकमा यस मापदण्ड लागु भएको २ (दुई) वर्ष भित्र यस मापदण्ड अनुरुपको न्यूनतम जग्गा व्यवस्था, भौतिक संरचना निर्माण आदि गरी डिष्टिलरी संचालन गर्नुपर्नेछ। पहिले अनुमति प्राप्त गरी संचालनमा रहेका उद्योगहरुले संचालन भएकै स्थानमा पुँजी तथा क्षमता वृद्धि गर्न चाहेमा दफा २(क) र ३(ग) मा उल्लेख भएको व्यवस्था लागु नहुने।

(६) यसअघि अनुमतिपत्र प्राप्त भई हालसम्म उद्योग दर्ता नगरेका अनुमतिपत्र स्वतः खारेज हुनेछ।

CamScanner

## अनुसूची

दफा ३(क) सँग सम्बन्धित

### मदिरा/बियर उद्योगको अनुमति प्रदानको निवेदन साथ पेश गर्नुपर्ने व्यवसायिक योजना

(१) उद्योगको **Value Proposition** के हुने । हाल भईरहेका मदिराजन्य बस्तु भन्दा पृथक के कस्तो विषयले हुने खुलाउनु पर्ने ।

(२) उत्पादन गर्ने वस्तुको गुणस्तर कस्तो हुने तथा उत्पादन लागत, प्रविधि ईत्यादिको भिन्नता खुलाउनु पर्ने ।

(३) निर्यात गर्न सक्ने क्षमता वा आयातमा कमि गर्न सक्ने सम्भावना बारे विस्तृत विवरण ।

(४) प्रस्तावित उद्योगले मुख्य स्रोत **(Resources)** परिचालन कसरी गर्ने ।

(५) मुल्य श्रृङ्खलामा पृष्ट तथा अगाडीको मुल्यवृद्धिमा कसरी योगदान पुऱ्याउने ।

(६) आय आर्जन तथा उत्पादित बस्तुको बजारीकरण के कसरी गरिने ।

(७) कस्ता उपभोक्ता समूहलाई लक्षित उत्पादन रहने ।

(८) कच्चा पदार्थको स्रोत तथा खपत लगायतको विषय उल्लेख भएको परियोजना विवरणमा **ROI, ROE, BEP**